ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:- २०८२/०८३
चलानी नं.:- ५८२

मिति:- २०८२/१०/०२

# तालिममा सहभागी हुन निवेदन दिने सम्बन्धी सूचना

प्रस्तुत विषयका सम्बन्धमा सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र नयाँ बानेश्वर काठमाडौंको च.नं. १३० मिति २०८२/०९/२५ को प्राप्त पत्रानुसार मिति २०८२/१०/११ गते देखि २०८२/१०/२६ गतेसम्म १५ कार्यदिने सहकारी नेतृत्व तथा संस्थागत विकास तालिममा सहभागी हुन यस नगरपालिका अन्तर्गतका सहकारी संघ/संस्थाहरू मध्ये कुनै एक सहकारी संस्थाका अध्यक्ष/सचिव/व्यवस्थापकबाट एकजना पदाधिकारीलाई छनौट गरी पठाउनु पर्ने भएकाले सूचना प्रकाशन भएको मितिले ५ (पाँच) दिन भित्र यस कार्यालयमा निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

सुर्य बहादुर बि. क.
नि. प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

*नोट: एक भन्दा बढी सहकारी संघ/सस्थाको पदाधिकारीबाट निवेदन प्राप्त भएमा नगरपालिकाले एकजना पदाधिकारीलाई मनोनयन गरी पठाउने छ ।*

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
**सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र**
नयाँ बानेश्वर, काठमाडौं

पत्र सं. ०८२/८३
च.नं. १३०

मिति: २०८२।०९।२७

**विषय: तालिममा सहभागी गराइदिने सम्बन्धमा।**

श्री स्थानीय तह (सबै)।

यस केन्द्रले मिति २०८२।१०।११ गते देखि २०८२/१०/२६ गतेसम्म १५ कार्यदिने सहकारी नेतृत्व तथा व्यवस्थापन विकास तालिम सञ्चालन गर्न लागेको हुँदा तहाँ अन्तर्गत रहेका सहकारी संघ/संस्थाहरुमध्ये कुनै एक सहकारी संस्थाका अध्यक्ष/सचिव/व्यवस्थापक मध्ये एक जना पदाधिकारीलाई छनौट गरी उक्त तालिममा सहभागिताका लागि देहायको ढाँचा (Format) मा यस केन्द्रको ईमेल ठेगाना info@ctrc.gov.np मा पठाइदिनुहुन अनुरोध छ।

<u>सहभागी मनोनयनको ढाँचा:</u>

| क.सं. | सहभागीको नाम थर | पद | कार्यरत संघसंस्थाको नाम र ठेगाना | सहभागीको मोबाइल नम्बर | सहभागीको ईमेल ठेगाना (E-mail Address) | यस केन्द्रको छात्राबासको सुविधा उपयोग गर्ने/नगर्ने |
|---|---|---|---|---|---|---|
| | | | | | | |

नोटः- सम्बन्धित संस्था वा स्थानीय तहबाट मनोनयन भईसकेपछि सहभागीहरुले अनिवार्य रुपमा सम्पर्क व्यक्ति वा केन्द्रसँग सम्पर्क गर्नु पर्ने छ। साथै विना सम्पर्क तालिममा सहभागी हुन आउने प्रशिक्षार्थीलाई तालिममा सहभागी गराइने छैन। यस केन्द्रबाट पछिल्ला दुई आ.व. मा संचालित कुनै पनि तालिम लिएका व्यक्तिहरु यस तालिममा सहभागी हुन पाउने छैन। यस अघि तालिम नलिएका सहभागिहरुलाई प्राथमिकता दिइनेछ।

<u>(क) तालिम संचालन हुने मिति, स्थान र समय :</u>

(१) मिति : २०८२।१०।११ देखि २०८२।१०।२६ गतेसम्म

(२) स्थान: सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नयाँ बानेश्वर, काठमाडौं

(३) समय: बिहान १० बजेदेखी ५ बजेसम्म

<u>(ख) सहभागीको सुविधा सम्बन्धी व्यवस्था:</u>

(१) <u>सहभागीहरुलाई तालिम संचालन भएको दिनको खाना बापत दैनिक रु.५०० मात्र उपलब्ध गराईनेछ। दैनिक भत्ता तथा यातायात खर्च यस केन्द्रबाट उपलब्ध गराइने छैन ।</u>

(२) तोकिएको सत्रमा अनुपस्थित हुने सहभागीहरुलाई खाना बापतको भत्ता तथा प्रमाणपत्र समेत प्रदान गरिने छैन।

(३) तालिमको कार्यपत्र (ह्यान्ड्स आउट) सहभागीको इमेल/WhatsApp मा उपलब्ध गराइनेछ।

<u>(ग) तालिममा सहभागी हुन आवश्यक पर्ने कागजात :</u>

(१) सहभागीको मोबाइल नं., E-mail ठेगाना समेत खुलाई सम्बन्धित निकायको मनोनयनपत्र।

(२) सहभागीको पासपोर्ट साइजको फोटो र नागरिकता प्रमाण पत्रको प्रतिलिपि।

(३) सहकारी संस्थाको संक्षिप्त विवरण र सो सँग सम्बन्धित कागजात।

<u>(घ) सहभागीहरुले पालना गर्नुपर्ने आचारसंहिता</u>

(१) सहभागि छनौटमा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ। मनोनयनपत्र पठाउँदा नै आवास सुविधा लिने/नलिने खुलाउनुपर्नेछ।

(२) तालिमको अवधिभर औपचारिक पोशाकमा सहभागी हुनु पर्नेछ। साथै तालिम आचारसंहितामा व्यवस्था भएका आचरण तथा मर्यादाको समेत पालना गर्नुपर्नेछ।

(३) तालिम कार्यक्रममा प्रयोग भएका सामग्रीहरुको प्रतिलिपि अधिकारप्रति सचेत हुनुपर्छ र बौद्धिक चोरी गर्नु गराउनु हुँदैन।

(४) आचारसंहिता सम्बन्धी अन्य व्यवस्था केन्द्रले तोके बमोजिम हुनेछ।

<u>सम्पर्क व्यक्ति:</u>

नायब सुब्बा श्री सरस्वती पोखरेल (९७६२२६५७७४)

नायब सुब्बा श्री विनोद प्रसाद पोखरेल (९८४७५३८३००)

खरिदार श्री शैलेन्द्र प्रसाद यादव (९८४३५२०८२७)

२०८२।०९।२५
(राधिका गौतम)
सहकारी प्रशिक्षक

सहकारी प्रशिक्षक

नगरपालिका
दर्ता नं: १२६०
२०८२।१०।०२

Scanned with CamScanner